REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs Date: 10.12.2024

## प्रेसिडन्ट ह्युमन राइर्ट

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले सबैका अधिकार र गरिमाको सुरक्षा गर्ने समान डिजिटल वातावरण सुनिश्चित गर्नुको महत्वमाथि जोड़ दिनु भएको छ।

मानवाधिकार दिवसको अवसरमा आज नयाँ दिल्लीमा राष्ट्रिय मानवाधिकार आयोगद्वारा आयोजित कार्यक्रमलाई सम्वोधन गर्दै उहाँले भन्नुभयो साइबर अपराध र जलवायु परिवर्तन मानवाधिकारका लागि नयाँ चुनौती हुन्।

राष्ट्रपतिले भन्नुभयो डिजिटल युग परिवर्तनकारी छ तर चारवटा साइबर बुलिंग, डीप फेक, गोपनीयता सम्बन्धी चिन्ता र गलत सूचनाको प्रसार जस्ता मुद्दाहरू पनि अघि आएका छन ।

श्रीमती मुर्मुले मानवाधिकार उल्लघंनलाई हटाउने, जागरूकता ल्याउने र सीमान्तकृतहरूका अधिकारहरूलाई कायम राख्ने दिशातर्प नीतिगत परिवर्तनलाई सिफारिश गर्नमा सक्रिय भूमिका निर्वाह गरेकोमा राष्ट्रिय मानवाधिकार आयोगको प्रशंसा गर्नुभयो।

राष्ट्रिय मानवाधिकार आयोगकी कार्यवाहक अध्यक्ष विजया भारती सयानीले भन्नुभयो मानवाधिकार दिवसले प्रत्योक व्यक्तिका मौलिक अधिकारहरूको स्मरण गराउँछ।

यहाँहरूलाई थाहै होला प्रतिवर्ष दस दिसम्वरमा मानिवाधिकार सम्बन्धका संयुक्त राष्ट्रको घोषणाको सन्दर्भमा मानवाधिकार दिवस मनाइन्छ।

संयुक्त राष्ट्र आमसभाले उन्नाइस सय अड़चालिस सालमा मानवाधिकारको सावभौमिक घोषणालाई अप्नाएर लागू गरेको थियो।

यसलाई सम्पूर्ण विश्वमा मानवाधिकारहरूको संरक्षणका लागि साझा मानक मानदण्ड रूपमा अप्नाइयो।

यो वर्ष यस दिवसको विषय छ- 'हाम्रो अधिकार, हाम्रो भविष्य अहिले'।

## ह्युमन राइर्ट डे स्टेड

यता राज्यमा पनि आज अन्तर्राष्ट्रिय मानवाधिकार दिवस मनाइयो।

यस अवसरमा सत्रौं माउण्टेन डिभिजन ordnance युनिट बोरदाङद्वारा डुगा प्रखण्डमा रोगी व्यक्तिहरूको स्वास्थ्य तथा आरोग्य सम्बन्धी आवश्यकतालाई पूरा गर्न दुइवटा हेरचाह एम्बुलेन्स उपलब्ध गराइयो।

सेन्ट्रल पाण्डम र बेस्ट पाण्डम ग्राम पञ्चायत इकाइका लागि यी दुई एम्बुलेन्सको चाबी पञ्चायत अध्यक्ष र दुवै इकाइका स्वास्थ्य तथा आरोग्य केन्द्र कार्यालय प्रमुखलाई सुम्पिएको छ।

यस अवसरमा वरिष्ठ नागरिकहरूलाई आवश्यक चिकित्सा सामग्रीहरू पनि वितरण गरियो।

## पीएम श्री कन्भेनसन

राज्य स्तरीय पी एम श्री सम्मेलन आसाम लिङजेमा आजदेखि आरम्भ भएको छ।

शिक्षा विभागको पी एम श्री नोडल कार्यालयद्वारा आयोजित दुई दिवसीय सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै शिक्षा मन्त्री श्री राजु बस्नेतले विद्यार्थीहरूसित आधुनिक प्रौद्योगिकी र संसाधनहरूलाई सिवनका लागि आवश्यक साधन मानेर यसको  सकेसम्म प्रयोग गर्ने आग्रह गर्नुभयो।

समय प्रबन्धनको महत्वबारे बोल्दै उहाँले छात्र छात्राहरूलाई शिक्षा क्षेत्रमा उचाई हासिल गर्नका लागि आवश्यक कौशल विकास गर्न प्रोत्साहित गर्नुभयो।

आफ्नो वक्तव्यमा विभागका सचिव श्री टाशी छोपेलले भारत भरिका जम्मा एक हजार चार सय पाँच वटा पीएम श्री पाठशालाहरूमध्ये सिक्किममा त्रिचालिस संस्थानहरू भएको जानकारी दिनुभयो।

आज मन्त्री श्री राजु बस्नेतले कला, शिल्प, कृत्रिम बुद्धिमता र रोबिटिक्स प्रदर्शणीको उद्घाटन गर्नुभयो।

यस अवसरमा राज्यका त्रिचालिसवटा पीएम श्री पाठशालाहरूमाझ विभिन्न प्रतियोगिता आयोजित भए।

**लाचेन रोड**

उत्तर सिक्किममा लाचेन जाने मार्ग खोलिएको छ।

लाचेनमा चौध महीनासम्म पर्यटन ठप्प भएपछि आज पहिलो ब्याच पर्यटकहरू क्षेत्रको भ्रमणमा गएका छन्।

पर्यटकरूलाई चुङथाङका महकुमा अधिकारी श्री अरूण छेत्री र अन्य कर्मचारीहरूले मुन्शीथाङमा स्वागत गरे।

## एल एस एमजीएनआरईजीए(LS MGNREGA)

केन्द्र सरकारले भनेको छ मनरेगामा सन्तानब्बे प्रतिशत भन्दा अधिक भूक्तान आधार भुक्तान ब्रज सिष्टम एपीबीएसको माध्यमद्वारा गरिएको छ।

लोकसभामा आज एउटा प्रश्नको लिखित उत्तरमा केन्द्रीय ग्रामीण विकास मन्त्री श्री शिवराज सिंह चौहानले बताउनु भए अनुसार वित्त वर्ष 2024-2025 मा मनरेगा पैंतिस करोड़ भन्दा धेरै राशिको लेनदेनमा लगभग चौंतिस करोड़ पैंतालिस लाखको लेनदेन APBS को माध्यमले गरिएको छ।

उहाँले भन्नुभयो आन्ध्रप्रदेश, कर्नाटक, उत्तर प्रदेश, बिहार, केराला र सिक्किम APBS प्रणालीलाई कार्यान्वित गर्ने शीर्ष राज्य हुन्। यी राज्यहरूमा यो डिजिटल भूक्तान प्रणालीको माध्यमद्वारा, निनानब्बे प्रतिशत भन्दा अधिक भूक्तान गरिएको छ।

स्मरण रहोस यो वर्ष पहिलो जनवरीदेखि APBS लाई अनिवार्य गरिएको छ।

## स्पेसियल ओलेम्पिक

राज्यको शिक्षा विभागको समग्र शिक्षा अभियान अन्तर्गत विशेष ओलेम्पिक भारत, सिक्किम च्याप्टरले आज गेजिङको क्योङसा मैदानमा एक दिवसीय विशेष ओलेम्पिक आयोजित गर्यो।

यसको विषय थियो समावेशी र दिगो भविष्यका लागि दिब्याङ्गहरूको नेतृत्व बढाउनु।

गेजिङ जिल्ला अध्यक्ष श्री डी एस लिम्बुले अध्यक्षता गर्नुभएको समारोहलाई सम्बोधन गर्दै जिल्लाधीश सुश्री यिस्से डी योङडाले विशेष ओलेम्पिक आयोजन गर्ने पहलको प्रशंसा गर्नुभयो।

खेलद्वारा बौद्धिक दिब्याङ्गतामाथि विशेष जोड़ दिएर सबै प्रकारका दिव्याङ्गहरूको सशक्तिकरण र समावेशनलाई प्रबर्द्धन गर्ने उद्देश्यले यसको आयोजना गरिएको थियो।

सहभागीहरूले Boucee, Shortput, ठिटा र ठिटीहरूका लागि एक सय मिटर र पचास मिटरको दौड़मा प्रतिष्पर्धा गरे।

**स्मार्ट हेकाथन**

स्मार्ट इण्टिया हेकाथन एस अई एच 2024 को सातौं संस्करणको फाइनल भोलि देशभरिका एकाउन्नौं केन्द्रहरूमा शुरू हुनेछ।

केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले यस कार्यक्रमको भर्चुअल उद्धाटन गर्नुहुनेछ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि भिडियो कन्फरेन्सद्वारा फाइनलमा युवा नवोन्मेषहरूसित बातचीत गर्नुहुनेछ र सभालाई सम्बोधन गर्नुहुनेछ।

यसमा तेह्र सय भन्दा अधिक विद्यार्थी टीम सहभागी हुनेछन्।

स्मार्ट इण्डिया हेकाथन हाम्रो दैनिक जीवनमा देखा पर्ने केही कठिन समस्याहरूको समाधान गर्ने एउटा मञ्च विद्यार्थीहरूलाई प्रदान गर्ने सम्बन्धी एउटा राष्ट्रब्यापी पहल हो।